# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्ष : २०८१।०८२
सूचना नं. : ५१

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचिकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

**(सूचना प्रकाशित मिति : २०८२/०३/३२ गते)**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आ.व. २०८२/०८३ मा नियमित रुपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न संवत् २०८२ श्रावन १ गतेदेखि भाद्र मसान्तभित्र तपसिलका कागजातहरु संलग्न राखी परिचयपत्र नवीकरण गर्नु/गराउनुहुन सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नका लागि आवश्यक कगजातहरु :**

१. लाभग्राहीको पासपोर्ट साइजको फोटो २ प्रति, लाभग्राही परिचयपत्र, राष्ट्रिय परिचयपत्र र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति ।
२. विद्धुवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि १ प्रति र ६० वर्ष मुनिका विद्धुवा महिलाको हकमा अर्को विवाह नगरेको प्रमाण खुल्ने सक्कलै कागजात ।
३. अपाङ्गता भएका व्यक्तिको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि १ प्रति ।
४. ६० वर्ष उमेर पूरा भएका एकल महिलाको हकमा अविवाहित प्रमाणित ।
५. आ.व. २०८२/०८३ को बजेट वक्तव्यको बुँढा नं. ३७५ मा आगामी आर्थिक वर्षदेखि (२०८२ साल श्रावन १ गतेदेखि) ७० वर्ष पूरा भएका नागरिकले जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था उल्लेख भएको हुँदा सोही बमोजिम जेष्ठ नागरिक अन्तर्गत नयाँ लाभग्राही सूचिकरण गर्ने ।

नोटः तोकिएको समयवधि (२०८२ श्रावन १ गतेदेखि भाद्र समान्त) भित्र परिचयपत्र नवीकरण नगराउने लाभग्राहीको नाम प्रणालीबाट स्वत: लगत कट्टा भई भत्ता नपाउने र लगत कट्टा भएको व्यक्तिले पुन: नयाँ निवेदन दिएमा निवेदन दिएको अर्को महिना देखि मात्रै भत्ता प्राप्त गर्न सुरु हुनेछ ।

साथै आ.व. २०८२/०८३ बाट अनिवार्य रुपमा बायोमेट्रिक डिभाइसबाट लाभग्राही परिचयपत्र नवीकरण गरिने हुँदा राष्ट्रिय परिचयपत्र साथमा लिई स्वयं व्यक्ति/ लाभग्राही नै उपस्थित हुनुपर्नेछ । तर बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त भएका तथा ९० वर्षमाथिका जेष्ठ नागरिकहरुको हकमा भने राष्ट्रिय परिचयपत्र नम्बर नभएता पनि परिचयपत्र नवीकरण गर्न बाधा पर्ने छैन ।

...................

(देवीलाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत